# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ्ग, रसुवा
बागमती प्रदेश, नेपाल

फोनः ९८५११८५०९६
Email: kalikagaupalika@gmail.com
Website: kalikamunrasuwa.gov.np


प.सं. : ०८१/८२
च.नं. :

मितिः२०८१/०४/०१

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) को उपनियम (१) को नियम ८ बमोजिम आर्थिक वर्ष शुरु भएको भाद्र मसान्तभित्र सम्बन्धित वडा कार्यालय मार्फत आवश्यक प्रकृया अपनाई अनिवार्य सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेकोले आ.व. २०८०/०८१ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आ.व. २०८१/०८२ मा समेत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि आवश्यक कागजातसहित आफ्नो सामाजिक सुरक्षा भत्ताको परिचयपत्र सम्बन्धित वडा कार्यालयमा उपस्थित भई नविकरण गर्नु/गराउनुहुन र नविकरण भएपश्चात अनिवार्य रुपमा नविकरण भएकोको निस्सा समेत लिनुहुन सरोकारवालाहरु सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**नविकरणको लागि आवश्यक कागजातहरु :-**

- लाभग्राहीको पासपोर्ट साइजको फोटो १ प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपी-१ प्रति र बालबालिकाको हकमा जन्म दर्ताको प्रमाण पत्र-१ प्रति र संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी-१ प्रति ।
- राष्ट्रिय परिचयपत्र अथवा राष्ट्रिय परिचय पत्र नं.
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रतिलिपी थान १, नारिकता प्रमाणपत्रको प्रतिलिपी-१ प्रति र अर्को विवाह नगरेको सम्बन्धित वडाको सिफारिस पत्र ।
- अपांगता भएका व्यक्तिहरुको हकमा गाउँपालिकाबाट जारी भएको अपांगता परिचय पत्रको प्रतिलिपी-१ प्रति ।

**नोटः** तोकिएको समय भित्र सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नविकरण नगर्ने लाभग्राहीको नाम System बाट स्वत हट्ने र भत्ता प्राप्त गर्नको लागि पुन: निवेदन दिइ नयाँ दर्ता प्रकृयामा जाने हुँदा निर्धारित समयमै सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनु हुन अनुरोध गरिन्छ ।

.............................................
**वाचस्पति सुनुवार**
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:-**

श्री वडा कार्यालय सबै, कालिका गाउँ कार्यपालिकाको कार्यालय,
धैबुङ, रसुवा । उल्लेखित सूचना बमोजिम निवेदन संकलन गरी लाभग्राहीको परिचयपत्र नविकरण गर्नुहुन ।
श्री सूचना प्रविधि शाखा, कालिका गाउँ कार्यपालिकाको कार्यालय,
धैबुङ, रसुवा । सूचना वेभसाइटमा अपलोड गर्नुहुन ।